गोरखापत्र, मिति - २०७९/०६/०९ गते

मधेश प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

Email: mlacprovince2@gmail.com

## सहकार्यमा प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०६/०९**

यस मन्त्रालय र मातहतका कार्यालयहरुको आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मधेश प्रदेशका इच्छुक उद्यमी/व्यवसायिक कृषक, उद्यमी/व्यवसायिक कृषक समूह/संघ संस्था, कृषि व्यवसायमा संलग्न सहकारी, कृषि व्यवसायमा संग्लन फर्म/उद्यमीहरु, कृषि क्षेत्रमा काम गर्ने उद्योग/कम्पनीहरुबाट सहकार्यमा प्रस्तावमा आधारित कार्यक्रम संचालनको लागि निर्धारण गरिएका विषयगत क्षेत्र (Thematic area) मा तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी २०७९/०७/०४ सम्म कार्यालय समय भित्र यस मन्त्रालय मातहतका जिल्ला स्थित विषयगत कार्यालयहरुमा (कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र) आई पुग्ने गरी खामबन्दी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। त्यस पश्चात प्राप्त हुने प्रस्तावहरु परियोजना बैंकमा राखिनेछ। यो कार्यक्रम कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ मा कृयाकलाप अनुसार तोकिएको अनुदान सिमा भित्र रही संचालन हुनेछ। रित नपुगेका प्रस्ताव छनौटका लागि समावेश हुने छैन। यो कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहीत रहनेछ। यस सम्बन्धमा थप जानकारी र आवेदन पत्रको ढाँचा यस मन्त्रालयको वेभसाईट molmac.madhesh.gov.np मा प्राप्त गर्न सकिनेछ।

**१) प्रस्ताव पेश गर्नुपर्ने विषयगत क्षेत्रहरु (Thematic area)**

१. आ व २०७९/८० को नीति तथा कार्यक्रममा आधारित विषयगत श्रेत्र

१.१. कृषि, पशुपन्छी तथा मत्स्य उपजहरुको उत्पादन, प्रशोधन, भण्डारण, संरक्षण तथा पूर्वाधार विकास

१.२. कृषि योग्य बाँझो जग्गामा सामूहिक वा सहकारी व्यवसायिक खेती

१.३. क्लस्टरमा सिंचाई, विद्युत, सडक जस्ता पूर्वाधारको विकास

१.४. कृषि, पशुपन्छी तथा मत्स्य श्रोत केन्द्र स्थापना तथा स्तरोन्नती

१.५. स्थापित कृषि, पशुपन्छी तथा मत्स्य फार्म/मोडल फार्महरुको स्तरोन्नती एवं आधुनिकीकरण

२ आ व २०७९/८० को नीति तथा कार्यक्रम बाहेक आवश्यकतामा आधारित विषयगत श्रेत्र

२.१. कस्टम हायरिङ्ग सेन्टर स्थापना वा क्षमता अभिवृद्धि

२.२. कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी वाली वस्तु उपजको वजारीकरण पूर्वाधार तथा संजाल विकास

२.३. कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी सामग्री तथा यन्त्र उपकरण उत्पादन कारखाना स्थापना

२.४. कृषि, पशुपन्छी तथा मत्स्य जन्य उद्योगहरुको क्षमता अभिवृद्धि तथा स्तरोन्नती

**२) प्रस्ताव साथ पेश गर्नु पर्ने विवरण र कागजातहरुः-**

१) परियोजना प्रस्ताव (फारम नं. २) रु. १० को हुलाक टिकट टाँसेको

२) उद्यमी/व्यवंसायिक कृषकको हकमा पान नं. र नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३) उद्यमी/व्यवसायिक कृषक समूह/संस्था, कृषि व्यवसायमा संलग्न सहकारी, कृषि व्यवसायमा संग्लन फर्म/उद्यमीहरु, कृषि क्षेत्रमा काम गर्ने उद्योग/कम्पनीहरुको हकमा दर्ता/नवीकरण भएको र स्थाई लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि, आवेदन गर्ने अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र, अद्यावधिक कर चुक्ता प्रमाणपत्र र लेखा परिक्षण प्रतिवेदन

४) परियोजना स्थलको नक्सा र GPS Code अनिवार्य

५) आफ्नो लगानी अनुपातको प्रतिवद्धता पत्र

६) उद्यमी/व्यवसायिक कृषक समूह/संस्था, कृषि व्यवसायमा संलग्न सहकारी, कृषि व्यवसायमा संग्लन फर्म/उद्यमीहरु, कृषि क्षेत्रमा काम गर्ने उद्योग/कम्पनीहरुको हकमा परियोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णय प्रतिलिपि।

**३) प्रस्ताव सम्बन्धी शर्तहरु :-**

- एक व्यक्ति वा सस्थाले एक मात्र प्रस्ताव पेश गर्न पाउनेछ।
- आर्थिक क्षमता नदेखिएका प्रस्तावहरु स्वतः रद्द हुनेछ।
- थप कागजातहरु माँग गरेमा पेश गर्नुपर्ने छ। ती कागजात बुझाउन नसके छनौट/सम्झौता गरिने छैन।
- दर्ता भएका प्रस्तावहरु खोलिएपछि कागजातहरुको अध्ययन तथा स्थलगत निरीक्षण पश्चात सम्भाव्यता र औचित्यको आधारमा मूल्यांकन गरी छनौट गरिनेछ।
- थप जानकारीको लागि यस मन्त्रालयका खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रबर्द्धन महाशाखा वा जिल्ला स्थित विषयगत कार्यालयहरुमा (कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र) सम्पर्क गर्नुहुन अनुरोध छ।

**४) प्रस्तावको वर्गिकरण**

| परियोजनाको वर्ग | परियोजनाको अनुदान सिमा | परियोजना संचालन गर्ने निकाय |
|---|---|---|
| क | रु. १ लाख देखि रु. ७.५ लाख सम्मको परियोजना प्रस्ताव | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/ कृषि ज्ञान केन्द्र |
| ख | रु. ७.५ लाख भन्दा माथि ५० लाख सम्मको परियोजना प्रस्ताव | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/कृषि विकास निर्देशनालय |
| ग | रु. ५० लाख भन्दा माथि २.५ करोड सम्मको परियोजना प्रस्ताव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

सचिव